# सायल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

शिक्षा युवा तथा खेलकुद शाखा

दुदिलेगडा,डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्रसंख्या:२०७७/७८

च. नं.

मिति: २०७७०४।२९

## विद्यालय क्षेत्र विकास कार्यक्रमका कियाकलाप लागि प्रस्ताब पेश गर्ने सम्बन्धि सुचना

प्रस्तुत विषयमा यस कार्यलयको आर्थिक वर्ष २०७७ । ०७८ को वार्षीक स्वीकृत विद्यालय क्षेत्र विकास कार्यकम अन्तर्गत सामुदायक विद्यालयहरुमा तपशीलका क्रियाकलापहरु सञ्चालन गर्नका लागि विद्यालय छनौट पर्ने भएकाले २०७७ भाद्र मसान्त भित्र कार्यलय समय भित्र सम्बधित वडा कार्यलयको सिफारिस सहित यस शिक्षा युवा तथा खेलकुद शाखामा आईपुग्ने गरी माग पेश गर्नहुन सम्बन्धित सामुदायक विद्यालयहरुलाई जानकारीको लागि यो सुचाना प्रकाशित गरीएको छ ।

हर्क बहादुर सार्की
शिक्षा अधिकृत

*तपशिल*

| क.स. | क्रियाकलाप | संलग्न गर्नु पर्ने कागजात |
|---|---|---|
| १ | तोकिएको सुचाकाङ्क का आधारमा कार्यसम्पादन गर्ने विद्यालय लाइ कार्यसम्पादनमा आधारित अनुदान | -अनुदान रकम माग का लागि विद्यालयको पत्र<br>-विद्यालयको स्वमुल्याङ्कन अङ्कमा भरि प्रधानाध्यपक द्धारा प्रमाणित गरिएको विद्यालय अनुदान व्यबस्थापन निर्देशिका २०७४ को अनुसुची ३ मा उल्लेखित कार्यसम्पादन मुल्याङ्कन फारम<br>-सम्बन्धित वडाको सिफारिस पत्र |
| २ | उतकृष्ट उपलब्धी भएका विद्यालयलाइ सिकाइ सुदृढिकरणका लागि अनुदान | -अनुदान रकम मागका लागि विद्यालयको पत्र<br>-पछिल्लो पटक सिन्चालन भएको कक्षा ८,१० र १२ को नतिजा को औसत उपलब्धी शैक्षिक सत्र २०७६ को शिक्षक उपस्थिती को औसत अङ्क कक्षागत सिकाइ उपलब्धीको अङ्क विद्यार्थीहरुको कक्षा दोहोर्‍याउने र कक्षा छोड्ने दर विद्यालयको सेवा क्षेत्रमा विद्यालय वाहिर रहेका वालवालिका को अवस्था सहितको तथ्याङक उल्लेख भएको विवरण<br>-विद्यालयले हालको सिकाइ उपलब्धीमा थप वृद्धि गर्न र आफ्ना असल अभ्यासहरु न्युन सिकाइ उपलब्धी भएका विद्यालयहरु लाइ अनुभव आदन प्रदान गर्नका लागि तयार पारेको प्रवर्तनात्मक क्रियाकलाप सहित प्रस्तावना पत्र<br>-सम्बन्धित वडा को सिफारिस पत्र |
| ३ | माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन | -अनुदान रकम माग को लागि यस अघि जिशिका ,प्रदेश सरकार वा अन्य सरकारी तथा गैरसरकारी निकाय बाट हाल माग गरेको प्रकृति को कार्यक्रम माग नगरेको व्यहोरा खुलेको पत्र<br>-पुस्तकालय /ICT/विज्ञान प्रयोगशाला जुन कार्यका लागि अनुदान माग गर्ने हो त्यसको स्थापना का लागि आवश्यक कक्षाकोठा भइ उक्त कक्षाकोठामा सम्बन्धित कार्यक्रम स्थापनाका लागि नमुना विद्यालय सञ्चालन निर्देशिका २०७४ को सम्बन्धित खण्ड र अनुसुचीमा भएको आधार तथा स्फेसिफिकेसनको परिधी भित्र रहेर सार्वजनिक खरिद ऐन ,नियमावली तथा विद्यालय दिग्दर्शन अनुसार का प्रक्रियाहरु पुरा गरि सामग्री खरिद तथा व्यबस्थापन गर्ने कार्ययोजना सहित उल्लेख गरेर तयार पारिएको प्रस्तावना पत्र<br>-सम्बन्धित वडाको सिफारिस पत्र |
| ४ | शिक्षण सिकाइमा सुचना प्रविधिको प्रयोग | |
| ५ | माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान | |
| ६ | गणित, विज्ञान र अंग्रजी विषयका लागि कयाकलापमा आधारित सामाग्री अनुदान (कक्षा ६-८) | -अनुदान रकम मागका लागि विद्यालयको पत्र<br>-विद्यालयले पा.बि. के. ले स्वीकृत गरेका गणित,विज्ञान, अंग्रेजी विषयका सामाग्रीहरु व्यबस्था गरी सिकाइ क्रियाकलापमा सहजिकरण गर्नको लागि तयार परिएको प्रस्तावना पत्र । |
| ७ | चारकोठे भवन | -माग पत्र<br>-विद्यालयको कूल लागतको तोकिएको प्रतिशत जनश्रमदान जुटाइ काम सम्पन्न तथा लागत इस्टमेटको आधारमा कार्य सम्पन्न गराउने प्रतिबद्दता पत्र<br>-विगत दुइ वर्ष भित्र जि. सि का. प्रदेश सरकार,वा अन्य सरकारी तथा गैर सरकारी निकायबाट कुनै किसमको भवन निर्माण सम्बन्धि कार्यकम प्राप्त नगरेको व्यहोराको पत्र<br>-भवन निर्माणको लागि जग्गा भएको खुल्ने कागजात<br>-सम्बधित वडाको सिफारिस पत्र |
| ८ | WASH सुविधा भएको निर्माण अनुदान | -माग पत्र<br>-विद्यालयको कूल लागतको तोकिएको प्रतिशत जनश्रमदान जुटाइ काम सम्पन्न तथा लागत इस्टमेटको आधारमा कार्य सम्पन्न गराउने प्रतिबद्दता पत्र<br>-विगत एक वर्ष भित्र जि. सि का. प्रदेश सरकार,वा अन्य सरकारी तथा गैर सरकारी निकायबाट कुनै किसमको भवन निर्माण सम्बन्धि कार्यकम प्राप्त नगरेको व्यहोराको पत्र<br>-भवन निर्माणको लागि जग्गा भएको खुल्ने कागजात<br>-सम्बधित वडाको सिफारिस पत्र |

बोधार्थ: श्री सुचना अधिकृत ज्यू. सुचना वेभसाइटमा अपलोड गरिदिनु हुन ।

Scanned with CamScanner